नेपाल सरकार
# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
(आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाडौं ।

पत्र संख्या :२०७३।०७४
च.नं. 652

मिति: २०७३/१२/२८

श्री जिल्ला समन्वय समितिको सचिवालय,
सबै,
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।

**विषय: कार्यकारी समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रमुख कार्यकारी अधिकृत प्रा.डा. गोविन्दराज पोखरेलज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ५८ औ बैठकको निर्णय यसै पत्र साथ संलग्नं छ । उक्त निर्णय मध्ये निर्णय नं १,२ र ३ तहाँ सचिवालय संग सम्बन्धित रहेकाले निर्णय बमोजिम हुन निर्णय प्रति १ यसै पत्र साथ सम्लग्न राखि पठाइएको ब्यहोरा आदेशानुसार अनुरोध छ ।

जय राम उप्रेती
(शाखा अधिकृत)

**<u>अवगतार्थ</u>**

श्रीमान प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय
श्रीमान सचिवज्यूको सचिवालय, सिंहदरवार ।

फोन : ०१-४२११४६५, फ्याक्स नं. ०१-४२११४७३ वेब साइट : www.nra.gov.np

## कार्यकारी समितिको (मिति २०७३।१२।२५ गते ) ५८ औं बैठकका निर्णयहरु

१. नीति, योजना, अनुगमन तथा विकास सहायता समन्वय महाशाखाले तयार गरेको पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को संशोधन प्रस्ताव परिमार्जन सहित स्वीकृत गर्ने ।

२. कार्यकारी समितिका सदस्य श्री ध्रुव प्रसाद शर्माको संयोजकत्वमा जोखिमयुक्त वस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न गठित उपसमितिको सिफारिश बमोजिम कार्यकारी समितिमा पेश भएको जोखिमयुक्त वस्ती स्थानान्तरण तथा पुनर्स्थापना सम्बन्धी कार्यविधि, २०७३ को मस्यौदा परिमार्जन सहित स्वीकृत गर्ने ।

३. विविध

(क) भूकम्पबाट प्रभावित परिवारहरुको निजी आवास पुनर्निर्माणका लागि उपलब्ध गराइने आवास अनुदानको बैंकिङ्ग माध्यमबाट भुक्तानी दिने सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र बैंकर्स एशोसिएसनहरु (नेपाल बैंकर्स एशोसिएसन, डेभलपमेण्ट बैंकर्स एशोसिएसन र नेपाल फाइनान्सियल इन्स्टिच्यूसन एशोसिएसन) बीच मिति २०७३।०२।१४ गते भएको आवास अनुदान रकम वितरण गर्ने सम्बन्धमा भएको अनुदान भुक्तानी सेवा सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding-MoU) को बुँदा नं. ८ मा "द्वितीय पक्षले बैंक खातामार्फत आवास अनुदान रकम उपलब्ध गराउँदा सदरमुकाममा रहेका बैंकहरुको प्रत्येक शाखामा दैनिक न्यूनतम ५० वटा र बैंकको सदरमुकाम बाहिरका प्रत्येक शाखामा दैनिक न्यूनतम २० वटा लाभग्राहीहरुको खातामार्फत निःशुल्क कारोबार हुने व्यवस्था मिलाउनेछ । उल्लिखित संख्याभन्दा बढी लाभग्राहीहरुलाई पहिलो किस्ता वापतको अनुदान वितरण गर्दा प्रथम पक्षले प्रति ग्राहक (लाभग्राही) शुल्क रु. २२५।— का दरले सम्बन्धित बैंकलाई भुक्तानी दिने व्यवस्था मिलाउनेछ । साथै सम्बन्धित लाभग्राहीलाई डेबिट कार्ड उपलब्ध गरे/गराएको अवस्थामा प्रथम पक्षले प्रति ग्राहक (लाभग्राही) शुल्क रु. ३२५।— का दरले सम्बन्धित बैंकलाई उपलब्ध गराउने व्यवस्था मिलाउनेछ । साथै दुई लाख रुपैयाँ अनुदानमध्येको दोस्रो र तेस्रो किस्ता रकम सम्बन्धित बैंकले सम्बन्धित लाभग्राहीहरुलाई उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रथम पक्षको समन्वयमा नेपाल राष्ट्र बैंकले निर्देशन गरे बमोजिम हुनेछ" भन्ने व्यवस्था उल्लेख भएकोमा बैंकहरुको सामाजिक उत्तरदायित्वलाई समेत मध्यनजर गर्दै बाँकी किस्ता (दोस्रो किस्ता वापत रु. १,५०,०००।— र तेस्रो किस्ता वापत रु. १,००,०००।-) मा सेवा शुल्क नलिने गरी सेवा प्रदायक बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिन राष्ट्र बैंकलाई लेखी पठाउने । यस अगावै प्रथम किस्ता र बाँकी किस्ताहरु समेत गैरसरकारी संस्थाबाट उपलब्ध गराउँदा कतिपय बैंकहरुले पहिलो किस्ताको भुक्तानीमा साझेदार संस्थाहरुबाट २०७२।०२।१४ को सम्झौता विपरित प्रत्येक लाभग्राहीको गणना गरी शुल्क लिएको जानकारी प्राप्त भएकोले र बाँकी किस्ताहरुमा समेत शुल्क दावी गरेको बुझिन आएकोले त्यसरी लिएको शुल्क सम्बन्धित साझेदार संस्थालाई फिर्ता गर्न सबै सम्बद्ध बैंकहरुलाई निर्देशन दिन लेखी पठाउने ।

(ख) एकीकृत बस्ती विकास प्रोत्साहन गर्नका लागि देहाय बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्ने :-

### एकीकृत वस्ती विकास सम्बन्धी सूचना

स्थानीय तहमा आवश्यक प्रक्रिया पूरा गरी आफै पहलमा समुदायमा आधारित एकीकृत बस्ती निर्माणमा सहभागी हुने चाहनेहरुका हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले प्रोत्साहन गर्ने नीति लिएको व्यहोरा सबैलाई विदितै छ । सो अनुरुप भूकम्पपछि, विशेष गरी भूकम्प पीडित व्यक्तिहरु एकीकृत बस्तीमा संलग्न भई आफ्नो निजी घर पुनर्निर्माण गर्न चाहेमा राज्यका तर्फबाट नियमानुसार प्राप्त हुने सबै प्रकारका सहयोग एवं एकीकृत बस्तीमा पूर्वाधार निर्माणको काममा क्रमिक रुपमा सहयोग प्राप्त गर्ने/गराउने नीति रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

\- सार्वजनिक हितका लागि, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण